चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, बागमती प्रदेश, नेपाल

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, बागमती प्रदेश काठमाडौं

# सटर भाडा ठेक्कामा लगाउने सम्बन्धी सूचना

(कार्यालयमा प्रथम पटक प्रकाशित मिति २०७८/०५/२३)

चन्द्रागिरि नगरपालिका वडा नं. ६ को कार्यालय रहेका छ वटा सटर र दुईवटा कवलहरू भाडामा लगाउनुपर्ने भएकोले तोकिएका शर्त, नियम तथा प्रावधानहरूको परिधि भित्र रही कार्य गर्न इच्छुक व्यक्ति, व्यवसायिक फर्म, कम्पनीबाट नियमानुसार फर्म/कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर/मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व २०७७/०७८ को करचुक्ता प्रमाणपत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र रितपुर्वकको शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.न | सूचना | ठेक्काको नाम | ठेगाना | न्यूनतम ठेक्का रकम प्रति सटर मासिक रू. | फारम दस्तुर (रू.) | अवधि | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | २०७८/०५/२३ आय ठेक्का नं. १/०७८-०७९-बहुवर्षीय | सटर नं. १ देखी ६ सम्म (६ वटा) | ६ नं. वडा कार्यालय भवन चन्द्रागिरि नगरपालिका | ४,०००।०० (चार हजार) | १,०००।- | २०७८ श्रावण देखी तीन वर्षको लागि | प्रति सटर रू.३०००।- | |
| २. | २०७८/०५/२३ आय ठेक्का नं. १/०७८-०७९-बहुवर्षीय | कवल २ वटा | ६ नं. वडा कार्यालय भवन चन्द्रागिरि नगरपालिका | २,०००।०० (दुई हजार) | १,०००। | | | |

शर्तहरुः

१. इच्छुक प्रस्तावकर्ताले लिखित निवेदन सहित सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७८।०६।०७ गते) कार्यालय समय सम्म यस कार्यालयको राजश्व शाखाबाट फाराम खरिद गरी १६ औ दनि दनिको १२:०० बजे सम्म चन्द्रागिरि नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नुपर्ने छ । उक्त सिलबन्दी प्रस्तावहरु सोही दिन दिनको २:०० बजे देखि प्रस्तावकर्ता र चन्द्रागिरि स्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा चन्द्रागिरि नगर कार्यपालिकाको कार्यालयमा खोलिने छ ।. प्रस्तावकर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

निरज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं
बागमती प्रदेश, नेपाल

२. सिलबन्दी प्रस्ताव फाराम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा त्यसको लगतै कार्यालय खोलिने दिन सिलबन्दी प्रस्ताव दाखिला गर्न र खोल्न सकिनेछ ।

३. फाराम लिदा व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र फर्मको हकमा प्रोपाईटरको नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, फर्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी तथा आ. व. २०७७।०७८ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र स्थानीय तहमा दर्ता तथा नविकरण भएको व्यवसाय प्रमाण पत्रको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर बुझाएको हुनुपर्नेछ ।

४. सिलबन्दी फारामको खाम बाहिर यस चन्द्रागिरि नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सूचना नं. र ठेक्काको नाम स्पष्ट रूपमा उल्लेख गरी प्रस्तावहरूको नाम र ठेगाना पनि उल्लेख गर्नुपर्ने छ।

५. प्रस्तावकर्ताले पेश गरेको दररेट अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६. सिलबन्दी प्रस्तावको साथमा यस नगर कार्यपालिकाको कार्यालयको नाममा एनआईसी एसिया बैंक लिमिटेड कलङ्की शाखामा रहेको **10CA050686752402** मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको ९० दिन म्याद भएको विडवण्ड संलग्न गर्नुपर्ने छ साथै सम्झौताको बख्त अग्रिम तीन महिनाको भाडा रकम र तीन महिना बराबरको धरौटी रकम बुझाउनुपर्नेछ।

७. पेश भएको सिलबन्धी फाराम स्वीकृत गर्ने वा नगर्ने, आंशिक रूपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाइ वा नजनाइ सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।

८. म्याद नाघी आएको, रित नपुगेको, शर्त राखिएको सिलबन्दी फाराम उपर कुनै कारवाही गरिने छैन।

९. सटरमा कुनै प्रकारको हानी नोक्सानी गर्न पाइने छैन, हानी नोक्सानी भएमा त्यसको क्षतिपूर्ती स्वयं बहालवालाले व्यहोर्ने तथा मर्मत संभार गर्नुपर्नेछ।साथै सटरमा होटर र हार्डवेयर (छड र सिमेन्ट) को पसल गर्न पाईने छैन ।

१०. अन्य कुराहरू सम्झौतामा उल्लेख भए बमोजिम र प्रचलित कानून बमोजिम हुनेछ।

११. यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ।

......................................

निरज पौडेल

(प्रमुख प्रशासकीय अधिकृत)